# सुदुरपश्चिम प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
## धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.com
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।११।०४ गते । |
|---|---|---|

श्री गृह मन्त्रालय।
राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौ ।

### बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) हरुको मिति २०८०।११।०३ गते बेलुका १७:०० बजे देखि मिति २०८०।११।०४ गते बिहान ७:०० सम्मको दैनिक विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार रहेको ब्यहोरा सादर अनुरोध गरिन्छ।

निम्नः-

❖ जिल्ला बझाङ

✍ सवारी दुर्घटना सम्बन्धि

मिति २०८०।११।०३ गतेको २०:२० बजेको समयमा जयपृथ्वी न.पा.११ साईलाबगर स्थित तलकोटबाट चैनपुर तर्फ आउदै गरेको चालक ऐ.तलकोट गा.पा.३ बस्ने बर्ष अ.२३ को राजेश कुमार कडालले चलाएको से १ ज ८६८ नं.को जीप एक्कासी कच्चि सडक खण्डबाट अन्दाजी १५० मिटर तल खसेको छ भनि स्थानियहरुले टे.फो.मार्फत जानकारी गराउना साथ तत्काल जिल्ला प्रहरी कार्यालय बझाङ बाट प्र.नि.को कमाण्डमा १५ जनाको टोली खटि गएको र निम्न स्थान बस्ने निम्न ब्यक्तिहरु घाईते भई उपचारको लागि जिल्ला अस्पताल बझाङ तर्फ पठाएको।

निम्नः-

१.जिल्ला बझाङ तलकोट गा.पा.३ बस्ने चालक बर्ष अ.२३ को राजेश कुमार कडाल दाया हातमा चोट अवस्था मध्यम ।

२ऐ.मष्टा गा.पा.५ बस्ने सह-चालक बर्ष अ.१७ को कमल कठायत कम्मर र बाँया खुट्टामा चोट अबसथा मध्यम ।

३.ऐ.ऐ.१ बस्ने बर्ष अ.१९ की सुस्मिता कठायत टाउको र अनुहारमा चोट लागि घाईते भई उपचारको क्रममा मृत्यु भएको।

➢ ऐ.२१;१५ बजेको समयमा माथि २ जना घाईतेहरुलाई थप उपचारको लागि धनगढी तर्फ रिफर गरेको।